रुरुक्षेत्र गाउँपालिका

स्थानीय राजपत्र

खण्ड:०६ संख्या: २ मिति: २०७९/०३/१९(अतिरिक्तांक)

भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

स्थानीय तहको बिनियोजन ऐन, २०७९

सम्बत २०७९ को ऐन नं. २ **गाउँसभाबाट पारित मिति :२०७९/०३/१९**

रुरुक्षेत्र गाउँपालिकाको विनियोजन विधेयक- २०७९

रुरुक्षेत्र गाउँपालिका आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

सभामा पेश भएको मितिः २०७९/०३/१०

प्रस्तावनाः

रुरुक्षेत्र गाउँपालिका आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम रुरुक्षेत्र गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम रुरुक्षेत्र गाउँपालिकाको विनियोजन ऐन-२०७८ हुनेछ।
(२) यो ऐन २०७९ साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ

२. **आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**
आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु. ५०,७६,३४०००/- (अक्षरुपी पचास करोड छयहत्तर लाख चौतिस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त रुरुक्षेत्र गाउँपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा अपुग हुन देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट अर्को शिर्षकको जम्मा रकमको २५% मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजन रकम व्याज भुक्तानी खर्च शिर्षक बाहेक अन्यत्र सार्न सकिने छैन ।
तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृति रकमको २५% भन्दा बढ्ने गरी एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

अनूसुचि १
दफा २ सँग सम्बन्धित
नेपालको संविधानको धारा २२९(२) बमोजिम
संचित कोषबाट बिनियोजन हुने रकम

क्र.सं.	आम्दानी शिर्षक	प्रस्तावित बजेट रु.		क्र.सं.	खर्च शिर्षक	प्रस्तावित बजेट
		रकम	जम्मा			
१	**नेपाल सरकार**		**३६ करोड १६ लाख**	१	संचालन खर्च	६ करोड ९० लाख
	क) वित्तीय समानिकरण अनुदान	९ करोड ७२ लाख		२	पूर्वाधार विकास	५ करोड १७ लाख
	ख) ससर्त अनुदान	२४ करोड ९४ लाख		३	आर्थिक विकास	२ करोड ३० लाख
	ग) विषेश अनुदान	१ करोड		४	वन वातावरण तथा विपद् व्यवस्थापन	५० लाख
	घ) समपुरक अनुदान	५० लाख		५	सामाजिक विकास	२ करोड ६१ लाख ९५ हजार
२	**प्रदेश सरकार**		**३ करोड ५१ लाख २९ हजार**	६	संस्थागत विकास, क्षमता अभिवृद्धि र सुशासन	६५ लाख
	क) वित्तिय समानिकरण अनुदान	५१ लाख २९ हजार		७	समपुरक कोष	४ करोड
	ख) सशर्त अनुदान	९० लाख		८	सशर्त अनुदान (नेपाल सरकार)	२४ करोड ९४ लाख
	ग) विषेश अनुदान	६० लाख		९	सशर्त अनुदान (प्रदेश सरकार)	९० लाख
	घ)समपुरक अनुदान	१ करोड ५० लाख		१०	विशेष अनुदान (नेपाल सरकार)	१ करोड
३	**राजश्व बाँडफाँड**		**७ करोड ९८ लाख २ हजार**	११	विशेष अनुदान (प्रदेश सरकार)	६० लाख

	क) संघीय सरकार	७ करोड ३३ लाख ३० हजार		१२	वडा कार्यालयहरुको लागि अख्तियारी	२ करोड ९९ लाख ९३ हजार
	ख) प्रदेश सरकार	६४ लाख ७२ हजार		१३	विविध भैपरी	७९ लाख ८३ हजार
४	**आन्तरिक स्रोत**		**५ करोड ७२ लाख ४० हजार**			
	अल्या	४ करोड ५० लाख				
	राजश्व अनुमान	१ करोड २२ लाख ४० हजार				
	जम्मा		**५३ करोड ३७ लाख ७१ हजार**		**जम्मा**	**५३ करोड ३७ लाख ७१ हजार**

प्रमाणिकरण मिति :२०७९।०३।१९

आज्ञाले

मधुकृष्ण पौडयाल

प्रमुख प्रशासकीय अधिकृत